# पाँच करिडोर परियोजना

# कामदार भर्ना गर्ने बाटाहरू:
# कुवेत र कतारका रोजगारदाताले नेपाली कामदार भर्ना गर्ने प्रक्रिया

यो नेपाली नागरिकहरूलाई कसरी कुवेत र कतारमा न्यून ज्यालाका कामहरूका लागि भर्ना गरिन्छ भनी गरिएको लेखाजोखा हो । यहाँ विशेषगरी केही हदसम्म कतारी र कुवेती बिचौलियाहरूको सहयोगमा त्यहाँका कम्पनीहरूले कसरी नेपाली कामदारहरूलाई खाडी मुलुकसम्म पुर्याउँछन् भनी आँकलन गरिएको छ । यसैगरी, कतार र कुवेतमा घरेलु कामदार भर्ना गर्ने प्रक्रियाका बारे पनि छलफल गरिएको छ ।

**नेपाली कामदारको भर्ना कसले सहजीकरण गर्छ?**

सन २०१७-२०१८ मा नेपालमा जारी भएकामध्ये कुवेतका लागि ९४ प्रतिशत र कतारका लागि ९१ प्रतिशत श्रम स्वीकृति नेपालका निजि भर्ना कम्पनीहरूले सहजीकरण गरेका थिए । सन २०१८-२०१९ मा ७४७ भर्ना कम्पनीहरूले कामदारलाई कुवेत पठाउन संलग्न थिए भने कतार कामदार पठाउने कम्पनीको संख्या १७८ थियो ।[1] यी कम्पनीहरूको काम गन्तव्य मुलुकका आधिकारिक निकायहरूले जारी गरेका "माग-पत्र" का आधारमा वैदेशिक रोजगारका लागि उपयुक्त उमेदवार छनोट गर्ने र छनोट गरिएका उमेदवारलाई वैदेशिक रोजगारका लागि तयार पार्ने हो । नेपाली नागरिकहरू बिचौलियाबिना आधिकारिक माध्यमबाट आप्रवाशनमा जान सक्ने प्रावधान भएपनि विगत एक दशकदेखि यसरी विदेश जानेको संख्या क्रमिकरूपमा घट्दै गएर अहिले वार्षिक ९००० व्यक्तिमा सीमित छ ।[2] सन २०१७ को प्रतिबन्धविपरित खाडी मुलुक (जीसीसी) मा घरेलु कामदारका रूपमा जाने नेपाली कामदारहरूले प्रायः नेपालका आधिकारिक माध्यमको उपेक्षा गर्छन् ।

**के रोजगारदाताले कामदार भर्ना गर्न कुवेत र कतारस्थित विचौलियाको पनि प्रयोग गर्छन्?**

---

[1] श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "नेपाल श्रम आप्रवाशन प्रतिवेदन २०२०", (२०२०) २६, १२९, १३०

[2] Jones, K., Morin, S., Dobree, P., & Irimu, W., "The Migrant Recruitment Industry: Profitability and unethical business practices in Nepal, Paraguay and Kenya", (2015): 27

कुवेती र कतारी कानुनमा रोजगारदाता कम्पनीहरूलाई आफ्नै प्रत्यक्ष प्रायोजनमा आप्रवाशी कामदारलाई देश ल्याउन सकिने प्रावधान छ । प्रायजसो यहाँका रोजगारदाता कम्पनीले नेपाली भर्ना कम्पनीसँग प्रत्यक्ष सहकार्य गरी कामदार छनोट गर्ने र नेपालमै आवश्यक प्रक्रिया पूरा गर्नेगर्छन् भने केही रोजगारदाताले भने कुवेत र कतारस्थित बिचौलियाहरूको प्रयोग गर्छन् ।

**भर्ना प्रक्रिया कस्तो हुन्छ?**

**कतारमा भर्ना प्रक्रिया** निम्नानुसार हुन्छः घरेलु कामदारबाहेक निजि क्षेत्रका कुनै पनि किसिमको रोजगारमा गैर-कतारी नागरिक भर्ना गर्नका लागि रोजगारदाता कम्पनीले कतारको प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयमा “ब्लक भिसा” को लागि आवेदन दिनुपर्छ । यसरी आवेदन दिँदा कुन देशका कामदार भर्ना गर्ने; कामदारका विशेष शिप, लिंग र आवश्यक संख्या; र तलब र ओभरटाइम तथा खाने-बस्ने सुविधा लगायतका विवरण खुलाउनुपर्छ । आन्तरिक मामिला मन्त्रालयले प्रत्येक भिसा समूहमा कुन देशका कति नागरिकलाई भिसा दिने निर्णय गर्छ । यसरी कुन देशबाट कति नागरिक ल्याउने भन्ने भिसा आरक्षणको निर्णय भएपछि प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयले “ब्लक भिसा” र मागपत्र जारी गर्छ ।[3]

**कुवेती भर्ना प्रक्रिया** पनि लगभग उस्तै छ । घरेलु कामदारबाहेक निजि क्षेत्रमा गैर-कुवेती नागरिक भर्ना गर्न चाहने रोजगारदाताले सार्वजनिक जनशक्ति प्राधिकरण (पीएमए) अन्तर्गतको सामान्य जनशक्ति प्राधिकरण (जीएमए) बाट आवश्यक कामदार संख्यासम्बन्धी वार्षिक स्वीकृति लिनुपर्छ ।[4] कुनै पनि कामका लागि कुवेती नागरिक उपलब्ध नभएमा, रोजगारदाताका योजना र व्यापारको आवश्यकतामा समान भएमा, र कामदार र रोजगारदाताको आवश्यकता मिलेको खण्डमा मात्र गैर-कुवेती कामदार भर्ना गर्न पाइने प्रावधान छ ।[5] गैर-कुवेतीहरूको भर्नाको सहजीकरण “भिसा-१८” मार्फत गरिन्छ । “भिसा-१८” भन्नाले आवासीय गैर-नागरिकसम्बन्धी ऐन १९५९ को कार्यान्वयनका बारे २०१९ को मन्त्रीस्तरिय निर्णय ९५७ को धारा १८ लाई जनाउँछ ।

कुवेत र कतार दुबै देशमा रोजगारदाता कम्पनीले स्वीकृति पाएपछि आवश्यक सम्बन्धित दस्तावेजसहितको मागपत्र प्रमाणीकरणका लागि कुवेत र कतारमा अवस्थित नेपाली दूतावासमा पठाउनुपर्छ । नेपाली दूतावासका अधिकारीहरूले रोजगारदाताको विवरण, कानुनी तथा आर्थिक हैसियत, र मागपत्रका नियम र सर्तहरूको जाँचबुझ गर्छन् । दूतावासबाट स्वीकृत भएपछि नेपालस्थित वैदेशिक रोजगार विभागले कामदार भर्नाका लागि पूर्व-स्वीकृति जारी गर्छ । यसपछि यी मागपत्र कि नेपाली भर्ना कम्पनीलाई कामदारको माग गर्दै विज्ञापन गर्न पठाइन्छ कि पहिले नै आवेदन दिएर विभागको डाटाबेसमा भएका सम्भावित उमेदवारलाई भर्नाका लागि सम्पर्क गरिन्छ । केही अवस्थामा खुला विज्ञापन हेरेर कामदारहरू आफ्नो बायोडाटा पठाउँछन् वा आफैं प्रत्यक्ष उपस्थित हुन्छन् भने अन्य अवस्थामा भर्ना प्रक्रियाका लागि बिचौलियाको भर पर्छन् ।[6] थप अन्य अवस्थामा भने

---

[3] Verité, “An Exploratory Study on the Role of Corruption in International Labor Migration”, (January 2016): 9

[4] Private Sector Labour Law को धारा ९ र १०

[5] The Public Authority for Manpower, Administrative Order 552 of 2018 Regulating the Rules and Procedures for Granting a Work Permit को धारा २६

[6] Professor Ray Jureidini, “Migrant labour recruitment to Qatar, Report for Qatar Foundation Migrant Worker Welfare Initiative”, (2014): 86

कामदारहरूले गन्तव्य मुलुकमा रहेका आफन्त र साथीहरूबाट पनि नयाँ भर्नासम्बन्धी जानकारी लिने गर्छन् तर पनि श्रम स्वीकृति र भिसा आवेदनका लामा र जटिल प्रक्रियामा भने बिचौलिया व्यक्तिको सहायता लिन्छन् ।

रोजगारदाताको श्रोत र आन्तरिक नीतिअनुसार कामदार छनोट प्रक्रिया फरक-फरक हुन्छ । अधिकांश व्यक्तिगत अन्तर्वार्ता र शिप मूल्यांकन काठमाडौँमा हुनेगर्छ । सफल उमेदवारहरूलाई पूर्व-प्रस्थान अभिमुखीकरण कक्षा दिइन्छ र उनीहरूको स्वास्थ्य जाँच गरिन्छ । कुवेत जाने कामदारको हकमा यस्ता स्वास्थ्य जाँच जीसीसीद्वारा स्वीकृत जाँच गर्ने क्लिनिकहरूमा गर्नुपर्छ जुन प्रायः काठमाडौँमा छन् । कतारको हकमा सन २०१९ अगस्टदेखि यस्ता जाँच काठमाडौँस्थित कतार भिसा केन्द्रमा गरिन्छ जहाँ कामदारहरूले आफ्नो करारपत्र पनि प्राप्त गर्छन् । यदि भर्ना गर्ने कम्पनीले भनेअनुसार नियम र शर्त नमिलेमा कामदारहरूले करार इन्कार गर्न पाउँछन् । यहाँ भर्ना प्रक्रियाअन्तर्गत नै कामदारका व्यक्तिगत बायोमेट्रिक डाटा पनि लिइन्छ । सफल उमेदवारले जीवन बीमा र कल्याण कोषका लागि गर्नुपर्ने योगदान तिरेको प्रमाण पनि पेश गर्नुपर्छ ।  यी सबै चरण पूरा भएपछि गन्तव्य मुलुकको रोजगारदाताले कामदारको तर्फबाट भिसा तयार गरिदिन्छ र सो भिसा जारी भएपछि भर्ना गर्ने कम्पनीलाई पठाइदिन्छ । भिसा प्राप्त गरेपछि भर्ना गर्ने कम्पनीले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिन आवश्यक सम्पूर्ण प्रशासनिक प्रक्रियाहरू पूरा गर्न सक्छन् । यसका लागि कामदार र रोजगारदाता बीचको करार-पत्रको एक प्रति, कामदारले भर्ना गर्ने कम्पनीसँग गरेको कारार-पत्रको एक प्रति, र भर्ना शुल्क, स्वास्थ्य जाँच, र जीवन बीमाका लागि कामदारले तिरेका रसिदहरू पेश गर्नुपर्छ । श्रम स्वीकृति जारी भएपछि भर्ना गर्ने कम्पनीले कामदारको यात्रा मिलाउने काम सुरु गर्नसक्छन् ।

भर्ना प्रक्रियाको अन्तिम चरण कामदार गन्तव्य मुलुकमा पुगेपछि हुन्छ जहाँ रोजगारदाताले कामदारको तर्फबाट कामदार आएको ९० दिनभित्र श्रम स्वीकृति प्रक्रिया टुंग्याउनुपर्छ । कुवेतको हकमा भने कामदार त्यहाँ पुगेपछि अनिवार्य स्वास्थ्य जाँच पनि गराउनुपर्छ ।

**सिद्धान्ततः कसले कसलाई पैसा तिर्छन्?**

यो प्रक्रियामा नियमतः निम्नानुसारको **शुल्क संरचना** हुने प्रावधान छः

- नेपाली कामदारहरूले भर्ना प्रक्रिया सहजीकरणका लागि भर्ना गर्ने कम्पनीहरूलाई अधिकतम रु. १०,०००; र अनिवार्य अभिमुखीकरण तालिमका लागि थप रु. ६०० तिर्छन् ।
- कुवेत र कतारका रोजगारदाता कम्पनीले नेपाली भर्ना गर्ने कम्पनीलाई सेवा-शुल्क; र हवाइ टिकट, भिसा र स्वास्थ्य परीक्षणलगायत कामदारको भर्ना प्रक्रियामा लाग्ने अन्य सबै खर्च बेहोर्छन् ।

**खासमा कामदारले कति तिर्छन्?**

वास्तवमा अधिकांश कुवेती र कतारी रोजगारदाताले भर्नामा लाग्ने सम्पूर्ण खर्च आफूले बेहोर्दैनन् । केही रोजगारदाताले भर्ना प्रक्रियाका लागि प्रतिस्पर्धा गर्ने नेपाली कम्पनीहरूलाई अनौपचारिक तिरो तिराउँछन् । यसरी नेपाली भर्ना कम्पनीले रोजगारदातालाई तिर्ने पैसा पनि कामदारहरूबाट नै उठाइन्छ । कतार र कुवेतकै भर्ना कम्पनीहरू संलग्न हुँदा उनीहरूका प्रशासनिक खर्च पनि रोजगारदाताले नै बेहोर्ने प्रावधान छ किनकि उनीहरूले प्रदान गर्ने सेवाले भर्ना प्रक्रियामा रोजगारदाताको प्रशासनिक भार कम गर्छ । तर प्रायः यो खर्च पनि कामदारहरूबाट नै उठाइन्छ । सन २०१५ मा नेपाल सरकारले “निशुल्क भिसा” र “निशुल्क टिकट” नीति

कार्यान्वयनमा ल्याए पनि अधिकांश कामदारहरूले कानुनले तोकेको भन्दा धेरै बढि शुल्क तिरिरहेका छन् । यो प्रतिवेदनमा कामदारहरूले रु. १ लाख ६० हजारसम्म तिरेको अभिलेख गरिएको थियो ।

### के कामदारहरू सधैँ आफूलाई भर्ना गर्ने कम्पनीमै काम गर्छन्?

नेपाली कामदारहरू कुवेत र कतार पुग्दा आफूले करार गरेको रोजगारदाता कम्पनीमै काम गर्न नपाउन पनि सक्छन् । वास्तवमा "श्रम आपूर्ती कम्पनी" ले भर्ना गरेका र "फ्री भिसा" अन्तर्गत भर्ना गरिएका कामदार यो श्रेणीमा पर्छन् ।

विशेषगरी न्यून तलबमा कम शिप भएका कामदार आवश्यक पर्ने धेरै निजि कम्पनीहरूले भर्ना खर्च कम गर्न यस्ता "श्रम आपूर्ती कम्पनी" ले भर्ना गरेका कामदारमा भर पर्ने गर्छन् । माथि वर्णन गरिएको प्रक्रिया पूरा गरी यी श्रम आपूर्ती कम्पनीले इजाजत प्राप्त भर्ना कम्पनीमार्फत् रोजगारदाताका रूपमा आप्रवाशी कामदारको भर्ना गर्छन् र उनीहरूको भिसाको प्रबन्ध गर्छन् । तर यी कम्पनीले निर्माण लगायतका क्षेत्रमा काम गर्ने कम्पनीहरूमा छोटो समयका लागि अपूग मजदुर अस्थायीरूपमा पूर्ती गर्न छुट्टै करार गरी कामदार उपलब्ध गराउँछन् । यसरी भर्ना हुँदा कामदारहरूले अतिरिक्त भर्ना शुल्क बेहोर्न, र नेपालमा सम्झौता गरेअनुरूपको काम र तलब नपाउन सक्छन् ।[7]

कैयौँ कुवेती र कतारी नागरिक र अन्य विदेशी नागरिकहरू अझैपनि अनौपचारिक माध्यमबाट उद्गम मुलुकहरूमा "निशुल्क भिसा" बेच्ने "भिसा व्यापार" मा संलग्न छन् । यस्ता "निशुल्क भिसा" भर्ना गर्ने स्थानीय कम्पनी या सम्भावित कामदारलाई प्रत्यक्ष बेच्ने गरिन्छ । प्रायोजक कम्पनीहरूले आप्रवाशी कामदारका लागि जारी गरिएका भिसा "कालो बजारी" गरी बेच्छन् र आवास अनुमतिवापत कामदारबाट मासिक शुल्क उठाउँछन् । नेपाली समुदायका अभियन्ताले यो अध्ययनका क्रममा बताएअनुसार नेपाली कामदारहरू यस्ता "फ्री भिसा" मार्फत् खाडी मुलुकमा आप्रवाशन गर्न चाहन्छन् किनकि यसरी जाँदा सजिलै रोजगारदाता परिवर्तन गर्न सकिने र आफैँले धेरै तलब पाउने काम खोज्न सकिने उनीहरूको वुझाइ रहेको पाइन्छ । यद्यपि पहिलोपटक विदेश जाने कामदार यसरी "फ्री भिसा" मा जाँदा करार बदली लगायतका दुर्व्यवहारको जोखिममा पर्छन् । नयाँ कामको लागि भनेर गन्तव्य मुलुकमा पुग्ने केही कामदारहरूलाई रोजगारदाताले भनिएको काम नभएको र उनीहरूले अनौपचारिक काम खोज्नुपर्ने जानकारी दिनेगर्छन् जसले गर्दा त्यस्ता कामदारहरू अनाधिकृत बन्छन् र गन्तव्य मुलुकमा पुग्नेबित्तिकै गिरफ्तारीमा पर्न या नेपाल फर्काइन पनि सक्छन् ।

### घरेलु कामदारको हकमा के हुन्छ?

कुवेत र कतार दुबै मुलुकमा घरमै बसेर काम गर्ने घरेलु कामदारको भर्ना मूलतः निजि भर्ना कम्पनीहरूमार्फत् गरिन्छ । नेपाल सरकारले सन २०१७ मा खाडी मुलुकमा घरेलु कामदारको रूपमा जान नपाउने गरी प्रतिबन्ध लगाएकाले नेपाली कामदारको हकमा कुनै औपचारिक प्रक्रिया लागू हुँदैन । यद्यपि कुवेत र कतारका भर्ना कम्पनीहरूले नेपालस्थित बिचौलियाहरूको अनौपचारिक संजालमार्फत् अझैपनि प्रसस्त नेपाली घरेलु कामदार भर्ना गर्न सक्छन् । नेपालस्थित अनौपचारिक बिचौलियाहरूले सो प्रतिबन्धको अवज्ञा गर्दै कामदारहरूलाई कुनै औपचारिक करार नगरी र श्रम स्वीकृति नलिई अरु नै वैध माध्यमबाट नेपाल बाहिर पठाउने प्रबन्ध मिलाउछन् । कुवेत र कतारका केही रोजगारदाता कम्पनीहरूले भने आफ्ना भूतपूर्व र अहिले काम गरिरहेका कर्मचारी र

---

[7] Professor Ray Jureidini, "Migrant labour recruitment to Qatar, Report for Qatar Foundation Migrant Worker Welfare Initiative", (2014): 62

नेपालस्थित अन्य व्यक्तिको सहयोगमा आफैँ घरेलु कामदारको भर्ना गर्नेगर्छन् । यो अध्ययनका क्रममा भेटिएका महिला घरेलु कामदारले उनीहरूलाई बिचौलियाहरूले स्थानिय सम्पर्क-व्यक्ति वा कुवेत र कतारमा काम गर्ने आफन्तहरूमार्फत् फेसबुकमा सम्पर्क गरेको बताए । यस्ता आफन्तहरूले उनीहरूलाई घरेलु कामदार कुवेत र कतार पठाउने बिचौलियाहरूसँग चिनाइदिने गर्छन् । काठमाडौं विमानस्थलस्थित अध्यागमन विभागका अधिकारीहरूले घरेलु कामदारहरूलाई खाडी मुलुक जान नदिने हुनाले प्राय यस्ता यात्रा भारत अथवा पूर्वी एशियाका देशवाट गराइन्छ । हवाइ टिकट र अन्य भर्ना शुल्क रोजगारदाताले बेहोर्ने हुनाले कामदारहरूले पासपोर्ट निकाल्न, स्वास्थ्य परीक्षण र प्रहरी रिपोर्टका लागि लाग्ने न्यून शुल्कमात्र तिर्नुपरेको थियो ।

कुवेतमा आगमन भएपछि घरेलु कामदारलाई राज्यद्वारा संचालित भर्ना कम्पनी अल-दुर्राले तीन महिनाको अस्थायी भिसा जारी गर्छ । नेपाली समुदायका एक अभियन्ताका अनुसारः “कुवेती (अधिकारीहरू) ले वैध भिसा लिएर देशमा आगमन भएका व्यक्ति कसरी आइपुगे भन्ने विषयको सोधीखोजी गर्दैनन् ।” यो तीन महिनाको अवधिमा रोजगारदाताहरूले कामदारका लागि स्थायी भिसा र आवास स्वीकृतिका लागि आवेदन दिने तथा कामदारको स्वास्थ्य परिक्षण भएको सुनिश्चित गर्ने काम गर्नुपर्छ । कतारमा नेपाली घरेलु कामदारले पर्यटक भिसामा देश आगमनपछि आफ्नो रोजगार र आप्रवासन हैसियलाई औपचारिक बनाउन सक्छन् ।

सन २०१९ को सेप्टेम्बरमा कतारी वाणिज्य तथा उद्योग मन्त्रालयले बाहिर बसेर निजि घरहरूमा आंशिक समय काम गर्ने घरेलु कामदारको भर्ना र व्यवस्थापन गर्न डब्लूआईएसए नामक सार्वजनिक कम्पनीको स्थापना गर्यो । यो आईएलओको सहयोगमा घरेलु कामदारको भर्ना प्रक्रियालाई वृहत् बनाउन सुरु गरिएको प्रयासअन्तर्गत भएको थियो । यो नयाँ संयन्त्रअनुसार कामदारको बास र यातायात खर्च डब्लूआईएसएले गरिदिने र कामदारलाई सम्भावित दुर्व्यवहार बारे जानकारी र गुनासो गर्नका लागि फोन-कार्ड दिनुपर्ने प्रावधान रहेको छ । यो नयाँ प्रावधानको प्रभाव मूल्यांकन हुन बाँकि नै छ, यद्यपि एम्नेष्टी इन्टेसनलका अनुसार डब्लूआईएसएजस्ता प्रवधानलेः “घरमै बसेर काम गर्ने अभ्यासको व्यवहारिक विकल्प दिन सक्ने, र पूर्णरूपमा प्रभावकारी कार्यान्वयन भए घरेलु कामदारको स्वच्छ निगरानी हुनसक्छ ।” [8]

सन २०१७ मा कुवेत सरकारले वैदेशिक घरेलु कामदारको भर्ना प्रक्रिया सहजीकरण गर्न तथा रोजगारदाताको खर्च कम गर्न राज्यद्वारा संचालित भर्ना गर्ने निकाय अल-दुर्राको स्थापना गर्यो । सुरुमा अल-दुर्राले अन्य भर्ना गर्ने कम्पनीभन्दा धेरै संख्यामा भिसा आरक्षणका साथै अरुभन्दा धेरै उद्गम मुलुकबाट घरेलु कामदार भर्ना गर्ने अनुपति पायो । तर उद्गम मुलुकमा आफ्नो आवश्यक संजाल नहुँदा छोटो समयमै यसले भर्ना प्रक्रिया सहजीकरण गर्न अन्य कुवेती कम्पनीको सहयोग लिनुपर्यो ।[9] निजि कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न नसक्दा यो भर्ना प्रक्रियाको अन्तिम चरणको अर्को तहको रूपमा स्थापित भयो । सम्पूर्ण प्रक्रियाको निगरानी गर्ने जिम्मेवारी रहेपनि यसको यसले काम कामदारको आवास स्वीकृति जारी हुने प्रक्रियाको सहजीकरण गर्नेमा सीमित भयो । फलस्वरूप कुवेतमा घरेलु कामदारको भर्ना प्रक्रियाको सहजीकरण मूलतः निजि भर्ना कम्पनीहरूले गर्नेगर्छन् ।

[8] Amnesty International, “Why do you want to rest? Ongoing abuse of domestic workers in Qatar”, (2020): 30
[9] Vani Saraswathi, Director of Projects, Migrant-Rights.Org, remote interview, 23 July 2020